मिति २०७४/१२/०१ वैठक संख्याः १४

आज मिति २०७४/१२/०१ गतेका दिन यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ५) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ६) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ८) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| ९) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| १०) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ११) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १२) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १३) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री रमेश सुवेदी | प्रमुख प्रशासकिय अधिकृत (सचिव) |

बैठक संख्या १४ मिति: २०७४।१२।०१

१) दोस्रो चौमासिक प्रगति समीक्षा

२) एकिकृत सम्पत्ति कर कार्यान्वयन

३) बजार अनुगमन

४) भवन संहिता ( Building by laws ) तर्जुमा तथा प्रस्तुतिकरण

५) पहिलो पुर्ण सरसफाई युक्त वडा र टोल विकास संस्थालाई सम्मान

६) एकिकृत नागरिक सेवा केन्द्र

७) महेश संस्कृत गुरुकुलमलाई फर्निचर सहयोग

८) पत्रकारीता तालिम संचालन

९) ग्रावेल, वालुवा, ढुंगा, गिटी ढुवानीमा पटके शुल्क

१०) सामाजिक आचरण सुधार कार्यक्रम

११) कृषि नीति तर्जुमा

१२) उद्यमशिलता विकास तालिम संचालन

१३) स्वास्थका कर्मचारीको करार म्याद थप

१४) गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता समिति गठन

१५) सन्त वहादुर गुरुङ्ग थप आर्थिक सहयोग

१६) फोहोर व्यवस्थापन

१७) न्यायिक समिति बैठक भत्ता

निर्णयहरु

१) दोस्रो चौमासिक प्रगति समीक्षा गोष्ठी मिति: २०७४।११।१६ गते गर्ने र सवै कार्यपालिकाका सदस्य, विषयगत शाखा प्रमुख र वडा सचिव अनिवार्य रुपमा उपस्थित हुने निर्णय गरियो ।

२) एकिकृत सम्पत्ति कर कार्यान्वयनको लागि निर्देशिका तयारी, पुर्वाधार विकास, अन्तरक्रिया लगायतका सम्पूर्ण तयारी गरी २०७५ श्रावण देखि एकिकृत सम्पत्ति कर प्रणाली लागु गर्ने निर्णय गरियो ।

३) देवघाट गाउँपालिका क्षेत्र भित्र तपसिलका क्षेत्रमा बजार अनुगमन गरि स्वच्छ, स्वस्थ, गुणस्तरीय र मर्यादित बजारलार्य प्रवर्द्धन गर्ने र दोषीलाई कानुनी कारवाहीको प्रक्रियामा जाने निर्णय गरियो ।

तपसिल

क) व्यवसाय दर्ता

ख) व्यवसाय संचालन नर्म्स

ग) मुल्य सूची, गुणस्तर मापदण्ड

घ) सुरक्षित मासु पसल संचालन

ङ) जनचेतना कार्यक्रम ।

४) मिति: २०७४।११।०२ गते भवन संहिता ( Building by laws ) तर्जुमा तथा प्रस्तुतिकरण

५) पहिलो पुर्ण सरसफाई युक्त वडा र टोल घोषण गर्ने W-WASH-CC र टोल विकास विकास संस्थालाई सम्मान गर्ने निर्णय गरियो ।

६) सवै वडाहरुमा प्रत्येक महिनाको एक पटक तोकिएको स्थानहरुमा एकिकृत नागरिक सेवा केन्द्र संचालन गने निर्णय गरियो ।

७) महेश संस्कृत गुरुकुलमलाई फर्निचर सहयोग/ एस ई ( SE ) परिक्षा संचालन गर्न फर्निचरको अभाव भएकोले ३० थान डेक्स –बेन्च, टेवुल १ थान र कुर्सी ५ थान खरिद गर्ने निर्णय गरियो ।

८) रिफ्रेसिङ्ग पत्रकारीता तालिम संचालन गर्ने निर्णय गरियो ।

९) ढुवानीलाई व्यवस्थित गर्न तथा ढुवानीवाट विग्रने सडक मर्मत, संभारको लागी स्रोत जुटाउन ग्रावेल, वालुवा, ढुंगा, गिटी ढुवानीमा गर्ने साधनलाई तपसिल अनुरसारका स्थानहरुमा प्रति टिप रु. ३००। पटके शुल्क लगाउने निर्णय गरियो ।

तपसिल

क) वडा नं. १

ख) वडा नं. २

पटके शुल्क उठाउन टोल वा क्लवलाई जिम्मा दिने र प्रति टिप रु.१००। उठाउने संस्थालाई व्यवस्थापन खर्च दिने निर्णय गरियो ।

१०) नेपालको संविधान २०७४ ले परिकल्पना गरेको स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्वन्धमा आधारित समाजको निर्माण गर्न सवै वडाहरुमा तपसिल अनुसारका सामाजिक आचरण सुधार कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपसिल

क) जुवा तास रोक्ने

ख) मद्यपान, धुम्रपान सेवन निरुत्साहित तथा नियन्त्रण र समय सिमा तोक्ने ,

ग) वाल विवाह निरुत्साहित,

घ) अभद्र व्यवहार रोकी मर्यादित तथा अनुशासित समाज बनाउने

ङ) महिला हिंसा, चेलीवटी बेचविखन, वाल श्रम जस्ता क्रियाकलाप रोक्ने

च) सरसफाई बढाउने ।

११) गाउँपालिकाको कृषि नीति तर्जुमा गरी प्रचारप्रसार गर्ने र २०७५ श्रावण देखि कार्यान्वयन गर्ने निर्णय गरियो ।

१२) चैत्र १६ देखि संचालन हुने उद्यमशिलता विकास तालिममा सहभागिता जुटाउन सवै वडाले प्रचार प्रसार गर्ने

१३) स्वास्थका कर्मचारीको करार म्याद २०७४ माघ १ गते देखिनै लागु हुने गरि थप गर्ने निर्णय गरियो

१४) गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता समिति गठन गयो ।

१५) देवघाट ४ का सन्त वहादुर गुरुङ्गको घरमा आगलागी भई घर पूर्ण रुपमा नष्ट भएकोले र आर्थिक अवस्था नाजुक भएकोले घर निर्माणमा रु. ३००००। सहयोग गर्ने निर्णय गरियो ।

१६) पुन: प्रयोग नहुने फोहर राख्ने स्थलको रुपमा चक्रवर्ति सामुदायिक वन क्षेत्रको खोल्सा प्रयोग गर्ने र समय समयमा माटो गितिले पुर्ने । त्यस्तो फोहर उठाउन अर्को व्यवस्था नभए सम्मको लागी एक टयाक्टर भाडामा लिई संचालन गर्ने निर्णय गरियो ।

१७) न्यायिक समितिको बैठकमा उपस्थितलाई रु. १०००। बैठक भत्ता दिने निर्णय गरियो ।